# देवदह नगरपालिका, नगर कार्यपालिकाको २०८१ मंसिर ६ गतेको बैठकको निर्णयहरु

| निर्णय नं. | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|
| १ | सडक बोर्ड नेपालद्धारा चालु आर्थिक वर्ष ०८१/०८२ मा स्थानीय सडक मर्मत सम्भार कार्यको लागि यस नगरपालिकाका लागि स्वीकृत बजेट रु. ६० लाख गत आर्थिक वर्षमा बोर्ड सम्बद्ध सडक मर्मत संभार कार्यक्रम कार्यान्वयनको क्रममा स्वीकृत भई कार्यान्वयनको क्रममा कार्यसम्पन्न हुन नसकी दायित्व श्रृजना रहेका कार्यक्रमहरु चालु आ.व. मा सम्पन्न गर्नका लागि सहमतिका लागि सिफारिस गर्ने। | |
| २ | देवदह नगरपालिकाको चालु आ.व. ०८१/०८२ मा न्यायिक समिति शिर्षकमा विनियोजित रकम रु. २५ लाखलाई बाँडफाँड गर्ने । | |
| ३ | देवदह नगरपालिका अन्तर्गतका सडकहरुमा रहेका खाल्डा खुल्डीहरु पुर्न चालु आ.व.को मर्मत सम्भार कोषबाट रकम उपलब्ध गराउने । | |
| ४ | चालु आ.व. का लागि स्वीकृत शशर्त कार्यक्रम तर्फ स्थानीयको साझेदारीमा विद्यालय भवन निर्माण अनुदान शिर्षकमा विनियोजित बजेट रु. ५५ लाख कार्यान्वयनका लागि मिति २०८१।८।९ गते नगरप्रमुख र उपप्रमुख सहित कार्यपालिका सदस्यहरुबाट विद्यालय अनुगमन गरी विद्यालय छनौट गर्ने । | |
| ५ | देवदह नगरपालिका वडा नं. ४ चण्डीको घरदेखि विजयपुर जाने बाटो मर्मत सम्भार कोषबाट भुक्तानी हुने गरी लागत अनुमान तयार गरी मर्मत सम्भार कार्य गर्ने । | |
| ६ | युगीन साहित्य समाज, नेपाललाई विशेष रचना वाचन कार्यक्रम संचालनका लागि रु. ५० हजार आर्थिक सहयोग उपलब्ध गराउने । | |
| ७ | देवदह नगरपालिका वडा नं. ३ निवासी यमनाथ पौडेललाई रु. ५० हजार आर्थिक सहायता उपलब्ध गराउने । | |
| ८ | देवदह नगरपालिका वडा नं. ७ निवासी लिलावती क्षेत्रीलाई रु. ६० हजार आर्थिक सहायता उपलब्ध गराउने । | |
| ९ | देवदह नगरपालिका वडा नं. ११ निवासी अमिना खातुनलाई रु. ३० हजार आर्थिक सहायता उपलब्ध गराउने । | |
| १० | देवदह नगरपालिका, रोहिणी गाउँपालिका र ओमसतिया गाउँपालिकाको संयुक्त साझेदारीमा संचालित वारुणयन्त्र र यस कार्यालयका अन्य सवारी साधनहरु राख्नको लागि कार्यालय परिसर भित्रै पार्किङ्ग स्थल निर्माण गर्न कन्टेनजेन्सी शिर्षकबाट भुक्तानी हुने गरि रु. दश लाख बजेट विनियोजन गर्ने । | |
| ११ | देवदह नगरपालिकालाई विपक्षी बनाई दायर भएका/हुने मुद्दाका सम्बन्धमा नगरपालिकाको तर्फबाट लिखित जवाफ दर्ता गरी मुद्दाको पुर्पक्ष गर्ने लगायतको कामकारवाहीका लागि यस नगरपालिकाका कानुन शाखा तथा राजश्व शाखा प्रमुख अधिकृतस्तर छैठौं पदमा कार्यरत कर्मचारी श्री विष्णु प्रसाद बस्याललाई अख्तियार दिने । | |